महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

निस्दि गाउँपालिका

पाल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

निस्दि गाउँपालिका

पाल्पा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १०४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
निस्दी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
पाल्पा ।

कैफियत सहितको राय

हामीले निस्दी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ३ लाख ६४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रु.५५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६६ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २० लाख ९२ हजार र पेश्की बाँकी रु.१५ लाख ७६ हजार रहेको छ । पालिकाको गत वर्ष सम्म रु.१० करोड ९७ लाख ९९ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१० करोड ८० लाख ६२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

निस्दी गाउँपालिका, पाल्पा

१. चालु वर्षको बेरुजू २०७८।७९

१.१. बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजू			बेरुजू						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३९	१७	२०३६४	०	०	०	३९	१७	२०३६४	५५	१२०९२	६६४१	०	०	१८७३३	१५७६

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
		नभएको	

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फस्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू	यो वर्षको बेरुजू	कुल बेरुजू बाँकी
निस्दी गाउँपालिका, पाल्पा	१०९७९९	०	२२१०१	८७६९८	०	२०३६४	१०८०६२

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : निस्दि गाउँपालिका, पाल्पा , निस्दी गाउँपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अर्जुन खनाल	२०७९-३-१८	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	राजु नेपाल	२०७८-६-२०	२०७९-३-१४
कार्यालय प्रमुख	भगवान भक्त अर्याल	२०७७-४-१	२०७८-६-१९
लेखा प्रमुख	सरोज काफ्ले	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	२०,३६३,८२७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२,८०,१२,९४२.९२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३७,४०,९२,०००	**चालु खर्च**	३४,३८,६७,०७८
प्रदेश सरकारबाट अनुदान	३,३२,०८,०००	**पूँजीगत खर्च**	१७,६०,४८,११५
राजश्व बाँडफाँट	१२,९०,६९,७९४.६४	**वित्तीय/अन्य व्यवस्था**	११,०५,६६,८५६
आन्तरिक आय	२,६०,६७,२९२.१८		
अन्य आय	७,८२,२२,५२०.३२		
कुल आय	६४,०६,५९,६०७.१४	**कुल खर्च**	६३,०४,८२,०४९
बाँकी मौज्दात		१३,८१,९०,५०१.०६	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय:
नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाउँपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकिय अधिकार नगर सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ । सोही अधिकार बमोजिम स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले निस्दी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको प्रमुख उद्देश्य रहेको छ । यस निस्दी गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १९६ वर्ग किलोमिटर क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार १७ हजार ६ सय २९ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणको सिमा र क्षेत्र:
उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेषित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन र पेश भएसम्मका अन्य विवरण समेतलाई आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा आधारित तथा NAMS ले निर्धारण गरे बमोजिम नमूना छनौट गरी जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण पश्चात कार्यालयलाई उपलब्ध गराईएको मस्यौदाउपरको छलफलमा व्यवस्थापनबाट पेश भएका पुष्ट्याई, प्रमाण र जवाफका आधारमा निम्नानुसारका व्यहोरा कायम गरिएको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>एकिकृत आर्थिक विवरण:
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम निस्दी गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय आय-व्यय हिसावको आर्थिक वर्ष २०७८/७९ को संक्षिप्त अवस्था निम्नानुसार रहेको छः
<table>
<tr><th>क्र.सं.</th><th colspan="3">आयतर्फ</th><th>क्र.सं.</th><th colspan="3">व्ययतर्फ</th></tr>
<tr><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>१२८०१२९४</td><td>१</td><td>चालु खर्च</td><td>३४३८६७०७८</td><td>३४३८६७०७८</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
						३					
				क) बैंक मौज्दात	१२८०१२९४३		२	पूँजीगत खर्च	१७६०४८११५	१७६०४८११५	
			२	राजश्व (आन्तरिक आय)		१५५१३७०८७	३	धरौटी फिर्ता	१६८४७९२	१६८४७९२	
				क) आन्तरिक राजश्व	२६०६७२९२		४	शसर्त अनुदान फिर्ता	३८२१९२४६	३८२१९२४६	
				ख) राजश्व बाँडफाँड	१२९०६९७९५		५	कोष खाताको खर्च		१८२४६२०	
			३	वित्तिय हस्तान्तरण संघ		३७४०९२०००		क) मर्मत सम्भार कोष	७९७९१३		
				क) वित्तिय समानीकरण अनुदान	९९७०००००			ख) कर्मचारि कल्याण कोष	०		
				ख) सशर्त अनुदान	२७१६९२०००			ग) प्रकोप व्यवस्थापन कोष	१०२६७०७		
				ग) विशेष अनुदान	२७०००००			घ) विविध खर्च खाता	०		
			४	प्रदेश सरकारबाट प्राप्त अनुदान		३३२०८०००		ङ) लैङ्गिक हिंसा निवारण कोष	०		
				क) वित्तिय समानीकरण अनुदान	४६६४०००		६	कोष मौज्दात		२२८८५५७	
				ख) सशर्त अनुदान	८५४४०००			क) मर्मत सम्भार कोष	४६०७८८		
			५	ग) समपुरक अनुदान	१४००००००			ख) कर्मचारि कल्याण कोष	७०००००		
				घ) विशेष अनुदान	६००००००			ग) प्रकोप व्यवस्थापन कोष	६३९७६९		
			६	अन्तर स्थानीय तहबाट प्राप्त		६८८३८१९८		घ) विविध खर्च खाता	३८८०००		
				घ) सामाजिक सूरक्षा	६८८३८१९८			ङ) लैङ्गिक हिंसा निवारण कोष	१०००००		
			७	विभिन्न कोषतर्फको आय		४११३१७७	७	अन्तर स्थानीय तहबाट प्राप्त		६८८३८१९८	
				क) मर्मत सम्भार कोष	१२५८७०१			सामाजिक सूरक्षा	६८८३८१९८		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>ख) कर्मचारि कल्याण कोष</td><td>७०००००</td><td></td><td>८</td><td>मौज्दात</td><td></td><td>१३५९०१९४४</td></tr>
<tr><td></td><td>ग) प्रकोप व्यवस्थापन कोष</td><td>१६६६४७६</td><td></td><td></td><td>क) संचितकोष</td><td>१३२३१५५९१</td><td></td></tr>
<tr><td></td><td>घ) विविध खर्च खाता</td><td>३८८०००</td><td></td><td></td><td>ख) धरौटी मौज्दात</td><td>३५८६३५३</td><td></td></tr>
<tr><td></td><td>ङ) लैङ्गिक हिंसा निवारण कोष</td><td>१०००००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td>धरौटी आय</td><td>५२७११४५</td><td>५२७११४५</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७६८६७२५५०</td><td colspan="3">जम्मा</td><td>७६८६७२५५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली:
जनप्रतिनिधिहरुलाई २०७९ जेठ ६ बाट मात्र सुविधि भुक्तानी दिनु पर्नेमा २०७९ जेठ १ बाट भुक्तानी भएकोले बढी भुक्तानी रु.९६१२५ लेखापरीक्षणको क्रममा असुल भई दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली:
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन:

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।
पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको छैन ।
पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।
स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।
विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ ।
जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।
कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन । कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन ।
खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन ।
संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता कार्य नभएको वा अद्यावधिक भएको छैन ।
सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो को पालना गर्नलाई स्थायी प्रकृतिको कागजात तयार गरी कार्यान्वयन गरेको छ ।
पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ ।
सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको छैन ।
वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।
कार्यालयको स्वीकृत दरबन्दीअनुसार जनशक्ति व्यवस्थापनका लागि सम्बन्धीत निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।
कार्यालयको कार्य प्रकृति अनुसार सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यदिश दिई समयमै कार्यसम्पादनमा जोड दिनुपर्नेमा सो भएको छैन ।
सवारी साधन मर्मत सम्भार तथा संरक्षणका लागि म.ले.प. फारम नं. ४१४ को प्रयोग कार्यान्वयन ल्याएको छैन् ।
सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन ।
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन । यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उपरोक्त बुँदा समेत पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ गर्नुपर्दछ ।	
६			**म.ले.प.फारमको प्रयोग:** **(क) सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन । **(ख) भ्रमण तथा भ्रमण खर्चको अभिलेखः** भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीहरुको लागि भ्रमण अभिलेख नराखेको, म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीहरुको भ्रमण अभिलेख नराखेको सथै म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन संलग्न गरेको छैन । **(ग) बेरुजु लगतः** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फाराममा तोकिए बमोजिमको अभिलेख राखेको छैन। साथै अवस्था अनुसार ती म. ले. प. फाराम अद्यावधिक गरेको छैन । **(घ) सवारी साधन**: म.ले.प फारामले तोके बमोजिमका सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको छैन । तोकिएबमोजिम निर्धारित ढाँचामा म.ले.प.फारामको प्रयोग गर्नुपर्दछ ।	
७			**योजना र निर्माण**	
७.१			**निर्माण कार्य:** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मूख्य उदेश्य नै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । गाउँपालिकाले अधिकांश योजना उपभोक्ता समिति मार्फत गराएको र उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण हुन सकेको छैन । प्रतिष्पर्धात्मक विधिबाट निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय कार्य गराई खर्चमा पारदर्शीता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.२</td><td></td><td></td><td>योजना र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी तीन सयभन्दा माथी सानासाना र टुक्रे योजनालाई बजेट विनियोजन गरेको छ । उपभोक्ता समितिमार्फत ३०३ र निर्माण व्यवसायीमार्फत ७ गरी जम्मा ३१० योजना सञ्चालन गरेको छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि प्राप्त गर्न कठिन हुने कम संख्या र प्रतिफलमुखी योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th></tr>
<tr><td>१</td><td>रु एक लाखसम्मका योजना</td><td>४४</td></tr>
<tr><td>२</td><td>रु एक लाखदेखि पाँच लाखसम्मका योजना</td><td>२०७</td></tr>
<tr><td>३</td><td>रु पाँच लाखदेखि दश लाखसम्मका योजना</td><td>३६</td></tr>
<tr><td>४</td><td>रु दश लाखदेखि विस लाखसम्मका योजना</td><td>१८</td></tr>
<tr><td>५</td><td>रु विस लाखमाथीका योजना</td><td>५</td></tr>
</table></td><td></td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>गुणस्तर परीक्षण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.४</td><td></td><td></td><td>सार्वजनिक परीक्षण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको पक्ष सवल नहुने गर्फ ध्यान दिई सामाजिक परीक्षण व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**बैंक हिसाव समायोजन:** गाउँपालिकाको आय व्यय विवरणमा चालु खर्च रु.३४३८६७०७८ र श्रेस्ता अनुसारको मौज्दात रु.३४३८७७९१३ रहेबाट बैंक मौज्दात रु.१०८३५ बढी देखिएको छ । बैंक मौज्दात बढी रहेको सम्बन्धमा गाउँपालिकाले जारी गरेको चेक नसाटिएको जनाएको छ । समयमा बैंक हिसाव समायोजन नगरेका कारण पालिकाको मौज्दात फरक परेकोले नियमावलीमा भएको व्यवस्था अनुसार बैंक हिसाव समायोजन नियमित रुपमा गर्नु पर्दछ । साथै नसाटिएका चेक विवरण सहित हिसाव समायोजन भएको प्रमाण पेश गर्नु पर्ने रु.	१०,८३५
९			**क्षेत्रगत बजेट र खर्च:** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिएको छ । (तालिका तल) पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा कम ५२.०८ प्रतिशत र सामाजिक विकास क्षेत्र अन्तर्गत सबैभन्दा बढी ८२.९९ प्रतिशत खर्च गरेको छ । उल्लिखित ५ क्षेत्रको क्षेत्रगत खर्च प्रतिशतमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५६.५० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा कम ०.६६ प्रतिशत खर्च भएको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनुपर्दछ ।	

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च प्रतिशत	क्षेत्रगत खर्च प्रतिशत
आर्थिक विकास	५९२५००००	४३८८८६३४	७४.०६	८.४४
सामाजिक विकास	३५४००७३७०	२९३७८३९६०	८२.९९	५६.५
पूर्वाधार विकास	१४१४६७३००	९५४३००५५	६७.४५	१८.३५
सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र	६५७६५००	३४२५१४३	५२.०८	०.६६
कार्य सञ्चालन तथा प्रशासनिक	१२२६०२०००	८३३९८२३६	६८.०२	१६.०४
जम्मा	**६८३९०३१७०**	**५१९९२६०२८**		**१००**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**बजेट पेश, पारित र अख्तियारी:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका उप-प्रमुख श्री रीता कुमारी अर्यालले २०७८/०३/१० गते रु.६६ करोड २४ लाख ४१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७/०३/३१ मा पारित भएको छ । ऐनले तोकिएको समयमा वजेट पेश गर्ने, पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनु पर्दछ ।	
११			**खर्च विश्लेषण:** पालिकाले यसवर्ष आन्तरिक आयबाट रु.२६०६७२९२.१८, राजस्व बाँडफाँड र अनुदानबाट रु.५३६३६९७९५ समेत रु. ५६२४३७०८७ आम्दानी भएकोमा चालु तर्फ रु. ३४३८६७०७८ र पूँजीगततर्फ रु.१७६०४८११५ समेत रु. ५१९९१५१९३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.०१ प्रतिशत रहेको छ । पदाधिकारी सुबिधामा यस वर्ष रु.८८५११५० खर्च हुँदा यो खर्च आन्तरिक आयको ३३.९६ प्रतिशत हो । पालिकालाई प्राप्त भएका सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.१४ प्रतिशत चालु र ३३.८६ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै राजस्वका क्षेत्रहरु पहिचान गर्ने, पहिचान भएका क्षेत्रको राजस्व संकलन प्रभावकारी बनाई पालिकाको आय अवस्थालाई सुदृढ गर्नुपर्दछ ।	
१२			**वित्तिय विवरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र)बाट प्राप्त हुने म.ले.प.फा.नं. २७२ को ढाँचामा वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । वित्तीय प्रतिवेदन तयार गर्दा स्थानीय साझेदारी विकास कार्यक्रम, सामाजिक सुरक्षा, प्रदेश पूर्वाधार विकास लगायतका कार्यक्रममा भएका कारोबार शुत्र प्रणालीमा समावेश गरेको पाइएन । पालिकाले आर्थिक कारोबार गर्दा शुत्र प्रणालीलाई पूर्णरुपमा अवलम्बन गरी तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
१३			**संगठन तथा कर्मचारी व्यवस्थापन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित विभिन्न दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षणको क्रममा विवरण माग गरिएकोमा पालिकाबाट विवरण पेश हुन आएन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्दछ । रिक्त पद यथाशिघ्र पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१३.२			**कर्मचारी करार:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था भएकोमा पालिकाले विभिन्न पदमा ६४ जना कर्मचारीलाई करार सेवा शुल्क रु.४६००७०१.०० खर्च लेखेको छ । करार कर्मचारीलाई आवश्यकताका आधारमा मात्रै परिचालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
१३.३			**तलबि प्रतिवेदनः** कर्मचारीको तलब भत्ता खर्च लेख्दा अनिवार्य रुपमा आर्थिक वर्षको शरुमै तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिका भित्र रहेको स्थानीय तहका र निजामती सेवाका कर्मचारीको आर्थिक वर्ष २०७८।७९ को तलबी पारित नगराई रु. १ करोड ३२ लाख ८८ हजार तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी लेखेको तलब भत्ता र ग्रेडको वास्तविक रकम यकिन नहुने हुँदा तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।	
१४			**सम्पत्ति उपयोग र संरक्षण:**	
१४.१			**सरकारी सम्पत्ति व्यवस्थापन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी व्यवस्थित अभिलेख राख्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४.२			**जिन्सी अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेसिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको साविक गा.वि.स. र विषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी गाउँपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, गाउँपालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामानको जिन्सी दाखिला नगरेको कारण गाउँपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन । गाउँपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गरी प्रमाण पेश गर्नु पर्दछ ।	
१४.३			**PAMS को प्रयोग:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानून तथा नियमावलीले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखांकन प्रतिवेदन संरक्षण तथा उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हो । प्रत्येक कार्यालयले सम्पत्तीको लेखांकन गरी सम्वन्धित मन्त्रालयमा प्रतिवेदन गर्ने र सम्वन्धित मन्त्रालयले मन्त्रालयगत विवरण एकिकृत गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गरेपछी मात्र सम्पत्तीको एकिकृत प्रतिवेदन तयार गर्न सकिन्छ । यही जिम्मेवारी पुरा गर्न महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) तयार गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ कार्तिक २० को निर्णय तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ७८ बमोजिम महालेखा नियन्त्रकको कार्यालयले २०७७ श्रावणबाट अनिवार्य रुपमा तिनै तहका सरकारी कार्यालयमा लागु गरेको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) को प्रयोग आंशिक गरेको छ। वडा कार्यालयहरुको कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द सामाग्री तथा आवश्यक फर्निचर तथा प्रिन्टर समेत सम्बन्धित वडा कार्यालयले नै खरिद गरेको र सो खरिदलाई PAMS मा पोष्टिङ्ग गरेको छैन् । यसले गर्दा वर्ष भरी वडा कार्यालयले खप्ने जिन्सी सामाग्री कति र नखप्ने जिन्सी सामाग्री कति खरिद गरेको र कति प्रयोग भयो र कति बाँकी छ भन्ने एकिन गर्न सकिएन । वडा कार्यालयलाई आवश्यक पर्ने कार्यालय सञ्चालन सम्बन्धी सम्पूर्ण जिन्सी सामाग्री गाउँपालिकाले एकिकृत रुपमा खरिद गरी PAMS मा अद्यावधिक गर्नुपर्दछ ।	
१५			**खरिद गुरुयोजना र योजना:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ को व्यवस्थाबमोजिम खरिद गुरुयोजना र नियम ८ बमोजिम बार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धीत निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले नियमावलीको व्यवस्था अनुसार खरिद योजना तयार गरेको छैन । बार्षिक खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउन नियमावलीको व्यवस्था पालना हुनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>

चौमासिक खर्च:

पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यन्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च(रु.हजारमा)</th><th colspan="3">चौमासिक खर्च(रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोश्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>गाउँपालिका पूँजीगत</td><td>१७६०४८</td><td>६३०४</td><td>४१४८२</td><td>१२८२६२</td><td>५७६६१</td></tr>
<tr><td>२</td><td>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td>१६६४२</td><td>०</td><td>२४९०</td><td>१४१५२</td><td>१४१५२</td></tr>
<tr><td>३</td><td>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td>६०५८</td><td>०</td><td>०</td><td>६०५८</td><td>४६९२</td></tr>
<tr><td colspan="2">जम्मा खर्च</td><td>१९८७४८</td><td>६३०४</td><td>४३९७२</td><td>१४८४७२</td><td>७६५०५</td></tr>
<tr><td colspan="2">खर्च प्रतिशत</td><td>१००</td><td>३.१७</td><td>२२.१२</td><td>७४.७०</td><td>३८.४९</td></tr>
</table>

पालिकाले आर्थिक वर्ष २०७८।७९ मा गरेको कूल पूँजीगत खर्चमध्ये प्रथम चौमासिकमा ३.१७ प्रतिशत, दोश्रो चौमासिकमा २२.१२ प्रतिशत, तेश्रो चौमासिकमा ७४.७० प्रतिशत र आषाढ महिनामा मात्र कूल खर्चको ३८.४९ प्रतिशत खर्च गरेको छ । वर्षान्तमा छोटो समयमा कार्य गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>

विविध खर्च:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.२१८५८४६ खर्च गरेको छ । यस्तो खर्चमा मितव्यायीता कायम हुनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>

आर्थिक सहायता:

गाउँपालिकाले आर्थिक सहायता वितरण गर्दा आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि बनाई कार्याविधिले निर्धारण गरेको मापदण्ड बमोजिम आर्थिक सहायता भुक्तानी गर्न सक्ने व्यवस्था छ । पालिकाले मापदण्ड नबनाई आर्थिक सहयोगबाट रु.१२१०००, विपद व्यबस्थापन (विविध)बाट रु.३१०००, अतिविपन्न दिर्घरोगी आर्थिक सहयोग रु.६३००० र प्रकोप व्यवस्थापन कोषबाट रु.१०४८२०३ समेत जम्मा रु.१२६३२०३ बराबरको खर्च सम्बन्धितहरुको निवेदनमा अध्यक्षको तोकादेशका आधारमा पटके निर्णय गरी आर्थिक सहायता वितरण गरेको छ । कार्यविधि नबनाई गरीने वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**कानून निर्माण र सञ्चालन स्थिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानून बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ३ वटा नियमावली, ११ वटा कार्यविधि, १ वटा आचार संहिता र १ वटा निर्देशिका समेत २२ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको जनाएको छ । पालिकाले निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन नगरेको तथा दैनिक कार्यसञ्चालनमा त्यसको उपयोग गरेको छैन । निर्मित कानूनी व्यवस्थालाई राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
२०			**पेश्की बाँकी:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७(४) साथै नियम ५१ मा म्याद नाघेको पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतले व्याज समेत असुल गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको निम्न विबरण अनुसार निर्माण व्यवसायी र अन्यको पेश्की आर्थिक वर्षको अन्त्यसम्ममा पनि फर्स्यौट नभई फर्स्यौटको म्याद नाघेको रु.१५७६००० रहेको छ । गाउँपालिकाले पेश्की बाँकी रहेका ३ उपभोक्ता समितिलाई पेश्की फर्स्यौटका लागि ताकेता गरेको देखिएतापनि लेखापरीक्षण अवधीसम्म उक्त रकम दाखिला वा फर्स्यौट भएको छैन । बाँकी रहेको पेश्की नियमावली बमोजिम फर्स्यौट गर्नु पर्ने रु.	१,५७६,०००

सि.नं.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	जम्मा बाँकी पेश्की	
			म्याद ननाघेको	म्याद नाघेको
१	वडा नं २ वडा भवन निर्माण	त्रिवेणि कन्ट्रक्शन एण्ड अर्डर सप्लायर्स	४९५०००	०
२	वडा नं १ वडा भवन निर्माण	त्रिवेणि कन्ट्रक्शन एण्ड अर्डर सप्लायर्स	४९५०००	०
३	मुख्य प्रशासनिक भवन निर्माण क्रमागत	रबिना-श्रेया-आदर्श जे.भी.	५००००००	०
४	मुख्य प्रशासनिक भवन निर्माण क्रमागत	रबिना-श्रेया-आदर्श जे.भी.	३७०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
						००० ०		
			५	धारादी खा.पा लिफ्टिङ एक घर एक धारा	धारादी खा.पा.लिफ्टिङ्ग एक घर एक धारा उपभोक्ता समिति(भुवन सोती, जित बहादुर जर्घा र रानीसरा बयस्ब)	०	२१६ ०००	
			६	पोखरीछाप खानेपानी लिफ्टिङ	पोखरीछाप लिफ्टिङ्ग खानेपानि आयोजना(यम बहादुर राक्षे, कमला आले र खुम बहादुर सारु)	०	४२० ०००	
			७	तिन घरे सुरक्षित दश घर निर्माण	तिन घरे सुरक्षित दश घर निर्माण उ.स.(साव बहादुर राना, सेर बहादुर सोती र सनीसरा गाहा)	०	५४० ०००	
			८	स्थानिय तहबाट प्राथमिक सुचना संकलन	राधा खण्डुलुक	०	३३० ४००	
			९	स्थानीय तहका स्वास्थ्य चौकी प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव महगी भत्ता स्थानीय भत्ता पोषाक लगायत प्रशासनिक खर्च समेत	राधा खण्डुलुक	०	६९६ ००	
			१०	ग्रामिण विद्युतिकरण	नेपाल विद्युत प्राधिकरण पाल्पा	३३५ ११२ ४०	०	
			११	गाउँपालिका भवन निर्माण	रविना श्रेया आदर्श जेभी	४६५ ००० ०		
			१२	१५ शैया अस्पताल निर्माण	प्राकृतिक रविना जेभी	८२० ००० ०		
			जम्मा			**५६० ५१२**	**१५७ ६००**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
				४०	०	
२१			**कोभिड खर्चको विवरण:** पालिकाले आर्थिक वर्ष २०७८/७९ मा कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि प्राप्त आम्दानी र खर्च निम्नानुसार रहेको छ:			

बजेट/आम्दानीको स्रोत	२०७८/७९ मा प्राप्त रकम	खर्च शीर्षक	२०७८/७९ मा खर्च रकम
संघीय सञ्चित कोषबाट		राहात वितरण	१७५०००
प्रदेश सञ्चित कोषबाट		क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	१६६६४७८	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	१२३५२८
संघीय कोभिड कोषबाट		जनशक्ति परिचालन	
प्रदेश कोभिड कोषबाट		औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	४३९४००
अन्य स्रोतबाट प्राप्त		स्वास्थ्य पूर्वाधार निर्माण	
		अन्य शीर्षकमा भएको खर्च	३०९५७५
		बाँकी	**६१८९७५**
जम्मा	**१६६६४७८**	**जम्मा**	**१६६६४७८**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**उपभोक्ता समितिबाट खरिद:** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा लाभग्राही समुदायमार्फत लागत सहभागितामा आधारित खरिद सम्बन्धी व्यवस्था छ । कार्यालयले निम्नानुसारका उपभोक्ता समितिमार्फत विभिन्न कार्य गराएकोमा लागत अनुमान बराबर नै खरिद गरेको र सोही बराबर कार्यसम्पन्न पेश भए बमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । उपभोक्ता समितिको लागत सहभागिता स्पष्ट नखुल्ने गरी अनुदान कै स्वरुपमा सामाग्री उपलब्ध गराएको नियमसम्मत नदेखिएको रु.	९३२,२३६

क्र.सं.	गोश्वारा भौ.नं.-मिति	समितिको नाम	लागत अनुमान रकम	सामाग्री खरिद
१	३०९-२०७९/३/७	सामुदायिक विद्युत सामाग्रि खरीद उ स	४५१५८५	४५१५८५
२	२७४-२०७९/३/२	शेरडाँडा विद्युत कालोतार उ.स.	२०००००	१७९९५८
३	२३१-२०७९/२/१२	काउलेडाँडा मन्दिर मुर्ति स्थापना उ.स.	३००६९३	३००६९३
जम्मा			**९५२२७८**	**९३२२३६**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**वितरणमुखी कार्यक्रम:** पालिकाले पूँजी निर्माण हुने गरी अल्पकालिन तथा दिर्घकालिन योजना छनोट गर्ने र नगद तथा जिन्सी वितरणमा केन्द्रित नभै कार्यसञ्चालन गर्नुपर्नेमा यस आर्थिक वर्षमा योजना छनोट वा संशोधनमार्फत निम्नानुसारका वितरणमुखी कार्यक्रम सञ्चालन गरेको छ । वितरणमुखी कार्यक्रम सञ्चालन गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।	

सि.नं.	भुक्तानी पाउने	भुक्तानी रकम
१	आधियाखोला सिंचाई पाईप खरिद उ.स.	३५९१३७
२	काउलेडाँडा मन्दिर मुर्ति स्थापना तथा घेराबार उ.स.	२५७००८
३	खादर अकलादेवी मन्दिर निर्माण	२००१०१
४	छाङ्छाङ्दी लघु जलविद्युत पाईप खरिद तथा वाल निर्माण	३२८३०८
५	जलसरी मन्दिर निर्माण उ स	३३०२२८
६	ज्यामिरे दुर्गा भवानी मन्दिर निर्माण	६७४०७९
७	थाहाम पोखरा खा पा पाइप खरिद उ स	८५६९९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				८	बलौटे खोला सिंचाई पाईप खरिद उ.स.	६०९७४		
				९	बाङलाङ घाचुर बच्चा खरिद योजना	१४६३२०		
				१०	बाङसेरक खा.पा. पाईप खरिद तथा धारा निर्माण उ.स.	४२४९८६		
				११	बोहरी खरक खा.पा. टंकी निर्माण पाईप खरिद	४०६३६३		
				१२	भर्लाझाल कालिका मन्दिर तथा चिडीया चौपारी निर्माण यो. उ.स.	१६३३२६		
				१३	मर्स्याङ्दी खोला तार जाली तथा ह्युम पाईप खरिद उ.स	५८८२०४		
				१४	मौलादेवि मन्दिर निर्माड उ स	२४४५४८		
				१५	युवा महिला तथा पुरुस खेलकुद भलीबल	८७४५८		
				१६	लेकाली युवा क्लब भवन	३३९५६७		
				१७	सामुदाइक बिधुत समान खरिद	३८९२५२		
				१८	अखिल नेपाल महिला संघ	२५०००		
				१९	नेपाल राष्ट्रिय शिक्षक संगठन	२२०००		
				२०	हुलास स्टील इण्डष्ट्रिज लिमिटेड जस्ता पाता खरिद	४५२०४७४		
				जम्मा		**९६५३०३२**		
२४			**सुरक्षित नागरिक आवास:** सुरक्षित नागरिक आवास कार्यान्वियन कार्यविधि २०७७ बमोजिम १५८ घरधुरीमध्ये ८३ घरधुरीलाई रु ५० हजार अनुदान उपलब्ध गराउने कार्यक्रम अनुसार गाउँपालिकाले प्रथम किस्ताबापत रु ३० हजारको दरले लाभग्राहीको खातामा पठाएको छ । साथै कार्यविधिमा पहिलो किस्ता उपलब्ध गराएको ३ महिनाभित्र कार्य प्रगति गरेको आधारमा रकम माग गरिएतापनि बजेट प्राप्त नगरेको पालिकाले उल्लेख गरेको छ । लाभग्राहीले तोकिएबमोजिम कार्यसम्पादन गरे नगरेको प्राविधिक प्रतिवेदन तथा अनुगमन प्रतिवेदन समेत प्राप्त नगरी भौचर नं २ मिति २०७८।१०।२६ बाट थप किस्ता/रकम रु २४९०००० सम्बन्धितलाई बुझाएको भरपाईको आधारमा भुक्तानी दिएको छ । तोकिए बमोजिम आवासका लागि जस्तापाता प्रयोग भएको सुनिश्चित गर्नु पर्दछ ।					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**नन फाइलर:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिवृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । मासिक खरिदमा तिरेको कर विक्रीमा उठाएको करसँग मिलान गरी बाँकी दाखिला गर्नुपर्नेमा निम्नानुसारका करदाताको विद्युतिय पान विवरण हेर्दा निजहरु नन फाइलरको रुपमा रहेको देखियो । राज्यलाई बुझाउनु पर्ने कर नबुझाएकोले भुक्तानी दिएको रु.३१६१२४.०० को मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	३१६,१२४

निर्माण ब्यवसायी/कम्पनी	प्यान नं.	ननफाइलर मिति	वीजक नं.-मिति	विजक रकम	१३ प्रतिशत मु.अ. कर	भुक्तानी (७० प्रतिशत मु॰अ॰ कर) रकम
सफ्टवेयर हव नेपाल प्रा.लि.	६०९७७६२३०	2078/M/10	०३०-मिति नखुलेको	१९४६१९९	२२३८९९	१५६७२९
अलना इन्टरनेशनल सर्भिसेस प्रा.लि	६०९५२१८४५	2078/M/09	१६-२०७८/३/१७	१९७९३०८	२२७७०८	१५९३९५
जम्मा				**३९२५५०७**	**४५१६०७**	**३१६१२४**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>पटक पटक खरिद:
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने तथा वर्षभरको खरिद कार्यका लागि खरिद योजना तयार गरी व्यवस्थित तवरबाट खरिद कार्य सम्पादन गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका सामाग्री खरिद गर्दा खरिद योजना र पूर्व निर्धारित तालिका बमोजिम पटक पटक सोझै खरिद गरेको छ । निर्धारित खरिद योजना बमोजिम खरिद कार्य गर्न कार्यालयले ध्यान दिनु पर्दछ । पटके खरिदका केही उदाहरण निम्न छन:
<table>
<tr><th>गो.भौ.नं.-मिति</th><th>विवरण</th><th>भुक्तानी लिने फर्म</th><th>खर्च रकम</th></tr>
<tr><td>६९-२०७८/९/१</td><td rowspan="5">मसलन्द तथा कार्यालय सामाग्री</td><td>मनकामना सप्लायर्स</td><td>१२३२९२</td></tr>
<tr><td>८६-२०७८/९/१३</td><td>सेवा डिजिटल प्रिन्ट एण्ड सर्भिस</td><td>९८०६१</td></tr>
<tr><td>१८१-२०७८/१२/१७</td><td>परफेक्ट कम्प्यूटर</td><td>२६६९१७</td></tr>
<tr><td>१९३-२०७८/१२/१७</td><td>साझा स्टेशनरी एण्ड विविध अर्डर सप्लायर्स</td><td>१६९३८७</td></tr>
<tr><td>२७९-२०७९/३/३</td><td>हिमाली सप्लायर्स</td><td>४६६४४९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११२४१०६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>ठेक्का नं.५-२०७७/७८(वडा कार्यलय भवन वडा नं.३):
वडा नं. ३ को वडा कार्यालय भवन निर्माण कार्य २०७८।१०।३० सम्म सम्पन्न गर्ने गरी मोवाइल निर्माण सेवासँग २०७८।३।१३ मा रु.३२५५३०७.९८ (मू.अ.कर समेत) को सम्झौता भएको छ । पालिकाले प्रथम रनिङ्ग विलबाट रु. १९२९८८२ र दोस्रो तथा अन्तिम विलबाट रु.९७३२४६ समेत जम्मा रु.२९०३१२८ खर्च भएको छ । भुक्तानी र सम्झौताको परीक्षण गर्दा निम्न व्यहोराहरु देखियो:</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>भेरिएशन बेगर भुक्तानी: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी मोवाइल निर्माण सेवालाई निम्नानुसारको भुक्तानी दिएकोमा प्राविधिक पुष्ट्याई सहितको भेरिएशन आदेश जारी गरेको छैन । भेरिएशन स्वीकृत नगरी वढी भुक्तानी दिएको रकम नियमित नदेखिएको रु.
<table>
<tr><th>आइटम नं</th><th>विवरण</th><th>एकाई</th><th>BOQ को परिमाण</th><th>भुक्तानी परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>६</td><td>Reinforcement Steel</td><td>MT</td><td>४.३६</td><td>५.२८</td><td>०.९२</td><td>११०१०१.</td><td>१०१२९२.९२</td></tr>
<tr><td>८.२</td><td>First Class chimney made brick work in cement sand 1:4 mortar</td><td>Cum</td><td>३८.२८</td><td>४०.५५</td><td>२.२७</td><td>१५५१५.</td><td>३५२१९.०५</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>१३६५११.९७</td></tr>
<tr><td colspan="7">मूल्य अभिवृद्धि कर</td><td>१७७४६.५६</td></tr>
<tr><td colspan="7">कूल जम्मा</td><td>१५४२५८.५३</td></tr>
</table></td><td>१५४,२५८</td></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>एज बिल्ट ड्रइङ्ग: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजबिल्ट नक्सा) पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कार्यालय र निर्माण व्यवसायि बीच भएको सम्झौताको जी.सी. सी. ७१.२ मा निर्माण व्यवसायीले कार्य सम्पन्न गरी अन्तिम भुक्तानी पूर्व एज बिल्ट ड्रइङ्गपेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा रु. २००,००० रोक्का (विद हेल्ड) गरीने उल्लेख रहेको छ । पालिकाले अन्तिम बिल निर्माण व्यवसायी मोवाइल निर्माण सेवालाई भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि २०७९।६।१ सम्म पनि एज विल्ट ड्रइङ पेश भएको छैन । अतः एज बिल्ट ड्रईङ्ग पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.</td><td>२००,०००</td></tr>
<tr><td>२७.३</td><td></td><td></td><td>कार्य स्वीकार: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार सार्वजनिक निकायले उपनियम १ देखि ९ सम्मका प्रकृया पुरा गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले अन्तिम विलको भुक्तानी गरेको भएता पनि हाल सम्म कार्य स्वीकार प्रतिवेदन पेश गरेको छैन । अन्तिम विलको भुक्तानी दिएको भएतापनि BOQ अनुसार अझै केही काम हुन बाँकी देखिन्छ । तसर्थ BOQ अनुसार भवन निर्माणको कार्य सम्पन्न गरी कार्य स्वीकार प्रतिवेदन पेश हुनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>निर्माणमा न्यून प्रगति:
सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौताबमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने तथा उपलब्ध श्रोतको उपयोग मितव्ययी, प्रभावकारी तथा कार्यदक्षतापूर्वक हुनुपर्दछ । कार्यालयले व्यवस्थापन गरेका निम्नानुसारका निर्माण कार्यमा बिमा नगरेको तथा गाउँपालिका भवन निर्माणका लागि दिएको रु. ४६५०००० र ८२००००० बराबरको कार्य सञ्चालन पेश्कीको जमानत समाप्त भएकोमा लेखापरीक्षणको क्रममा व्यहोरा औल्याए पश्चात पेश्की जमानीको म्याद थप गरी पेश गरेको छ । सार्वजनिक श्रोत र साधनको अधिकतम उपयोग गर्नका लागि सार्वजनिक निकायहरुले आपसी समन्वय एवं औचित्यका आधारमा निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>क्र स</th><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायी</th><th>सम्झौता मिति</th><th>सम्झौता रकम</th><th>भौतिक प्रगति</th><th>वित्तिय प्रगति</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>गाउँपालिका भवन निर्माण</td><td>रविना श्रेया आदर्श जेभी</td><td>२०७८।७।११</td><td>५२७२५८९०।४३</td><td>५०</td><td>३०</td><td>बिमा नगरेको ।</td></tr>
<tr><td>२</td><td>१५ शैया अस्पताल</td><td>प्राकृतिक रविना जेभी</td><td>२०७८।२।६</td><td>१६६८८४९२४।७९</td><td>२५</td><td>०</td><td>बिमा नगरेको । आ व ०७७।७८ मा पेश्की भुक्तानी भएको । संघीय सरकारबाट आव ०७८।७९ र ०७९।८० मा बजेट विनियोजन नभएको ।</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>कार्यसम्पन्न बेगर अन्तिम विल भुक्तानी:
यस पालिकाको वडा नं. ७ स्थित भवन निर्माण गर्न (ठेक्का नं. EPG/NCB/W/NRN:- 07/077/78) ठेकेदार अमृत कन्स्ट्रक्सनसँग मिति २०७८।३।१३ मा रु. ४९३९४१५ मा निर्माण सम्पन्न गर्ने गरि सम्झौता गरेको छ । ठेकेदारले मिति २०७९।३।२। मा कार्यको नापजाँच गरी अन्तिम बिल भनी रु. ४५८३९३४ भुक्तानी लिएको छ । BOQ अनुसार अझै केही काम हुन बाँकी देखिन्छ । कार्य पुरा नभएको सम्बन्धमा कार्यालयले डि.पि.आर. सम्पूर्ण भवनको तयार भएतापनि बजेट कम उपलब्ध भएका कारण आंशिक भुक्तानी स्वरुप कार्य गराईएको र भवन पूर्ण रुपले सम्पन्न नहुँदै रंगरोगन गर्ने कार्य उपयुक्त नहुने हुँदा काम सम्पन्न भएको आधारमा मात्रै भुक्तानी गरिएको जनाएको छ । ठेकेदारले अन्तिम बिल भनी भुक्तानी गरे पनि हालसम्म कार्य स्वीकार प्रतिवेदन लिएको छैन । तसर्थ BOQ अनुसार भवन निर्माणको कार्य सम्पन्न गरी कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>कोटेशनबाट खरिद:
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्न तर्फ ध्यान दिनुपर्दछ । सोझै खरिद गरेको नियमसंगत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं.-मिति</th><th>आपूर्तीकर्ता/निर्माण व्यवसायी</th><th>खरिद/कार्य</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१३-२०७८/८/६</td><td>अमृत कन्स्ट्रक्सन</td><td>केम प्रतिस्ठान रंगरोगन</td><td>२७००००</td></tr>
<tr><td>१४-२०७८/८/८</td><td>उत्सव कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी</td><td>सडकमा खसेको पहिरो सफा गर्ने कार्य</td><td>५२८३२२</td></tr>
<tr><td>३५-२०७८/९/७</td><td>निस्दी मल्टिसर्भिस प्रा.लि.</td><td>सडकमा खसेको पहिरो सफा गर्ने कार्य</td><td>४६२८८८</td></tr>
<tr><td>४१-२०७८/९/१३</td><td>एक्स्ट्रा ट्रेड लिङ्क</td><td>फर्निचर तथा फिक्चर्स खरिद</td><td>३१६६२६</td></tr>
<tr><td>४३-२०७८/१०/४</td><td>अलफोन्स कन्स्ट्रक्सन</td><td>सडकमा खसेको पहिरो सफा गर्ने कार्य</td><td>४१३१७४</td></tr>
<tr><td>६७-२०७८/१०/१८</td><td>पाल्पा भैरव ट्रेड लिङ्क प्रा.लि.</td><td>फर्निचर तथा फिक्चर्स खरिद</td><td>४७६२४७</td></tr>
<tr><td>७४-२०७८/१०/२७</td><td>आई.टि. जक्सन मल्टी सर्भिस प्रा.लि.</td><td>डेल i7 ल्यापटप खरिद</td><td>१६६९५७</td></tr>
<tr><td>१२७-२०७८/१२/१७</td><td>एक्स्ट्रा ट्रेड लिङ्क</td><td>फर्निचर तथा फिक्चर्स खरिद</td><td>२१२५५३</td></tr>
<tr><td>२०५-२०७९/२/१८</td><td>मनकामना ट्रेड लिङ्क</td><td>२ थान मोटरसाइकल खरिद</td><td>५७५८००</td></tr>
<tr><td>३१९-२०७९/३/९</td><td>अलफोन्स कन्स्ट्रक्सन</td><td>कार्यपालिकामा ट्रस निर्माण कार्य</td><td>४८९५५१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३९१२११८</td></tr>
</table></td><td>३,९१२,११८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**स्थानीय भत्ता:** कार्यालयमा कार्यारत स्थायी तथा करार कर्मचारीलाई स्थानीय भत्ता वितरण २०७८ तयार गरी आन्तरिक श्रोतबाट मासिक रुपमा स्थानीय भत्ता वितरण गरेको छ । पालिकाले आर्थिक वर्ष २०७८/७९ मा रु.३२०१९८४ स्थानीय भत्ता वितरण गरेको छ । स्थानीय आन्तरिक श्रोतको दिर्घकालिन श्रोतको सुनिश्चितता गरेर मात्र यस्तो भत्ता भुक्तानी गर्नुपर्दछ ।	
३२			**गैसस र सहकारी भवन निर्माण:** पालिकाले छनोट भएका योजना तथा कार्यक्रम सञ्चालन गर्दा प्रतिस्पर्धा गराउनुपर्ने, संस्थाहरुमार्फत कार्य गराउँदा प्रस्ताव माग पश्चात लागत सहभागिता सुनिश्चित हुने गरी कर विजक प्राप्त हुने गरी कार्य गर्नुपर्ने तथा एकै संस्थालाई पटक पटक एकै प्रकृतिका वा फरक प्रकृतिका कार्य गराउन नसक्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका संस्थामार्फत यस आर्थिक वर्षमा विभिन्न कार्य गराई भुक्तानी दिएकोमा कतिपय संस्थाहरु गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थासमेत रहेका छन । पालिकाले संस्थाको उद्देश्य मिल्ने र प्रतिस्पर्धा सिमित नहुने गरी प्रचलित ऐन नियमको परिधिभित्र रहेर सम्झौता गर्नु पूर्व निर्मित संरचना रहने जग्गाको स्वामित्व एकिन गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ ।	

क्र.सं.	भुक्तानी पाउने	भुक्तानी रकम
१	कृषि बहुउद्देशीय सहकारी भवन ढलान उ.स.	१२५०००
२	केम खाम्चा स्मृति मार्ग स्तर उन्नति उ स	१९९९३२३
३	खर्क डाँडा महिला भवन निर्माण	६२६६८१
४	खलबारी सामुदायिक भवन निर्माण योजना उ.स.	५०६२७८
५	चिडीया टोल भवन मर्मत तथा निर्माण उ स	३३७१०८
६	जनविकास तथा परीचालन केन्द्र भवन व्यवस्थापन	२९००६०
७	डुनिडमार महिला भवन उ स	३८००३९
८	थाम सामुदायिक भवन निर्माण उ स	८२०४७
९	नामसुर्घा महिला भवन निर्माण	४१८७०१
१०	निर्मित भबन संरचनात्मक सुधार खर्च योजना उ स	३६९९९६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>११</td><td>बाकापोखरा सामुदायिक भवन निर्माण योजना</td><td>४१८७७६</td></tr><tr><td>१२</td><td>लामेदमार क्लब भवन निर्माण उ.स.</td><td>३९९७१६</td></tr><tr><td>१३</td><td>लेकाली युवा क्लब भवन</td><td>३३९५६७</td></tr><tr><td>१४</td><td>सक्षम महिला भवन मर्मत तथा शौचालय निर्माण उ स</td><td>१६२१०५</td></tr><tr><td>१५</td><td>सहलकोट कृषि सहकारी संस्था मर्मत तथा व्यवस्थापन</td><td>२५३७७७</td></tr><tr><td>१६</td><td>हिमचुलि महिला भवन गल्धा योजना</td><td>९०४६०२</td></tr><tr><td colspan="2">जम्मा</td><td>७६१३७७६</td></tr></table>	
३३			**जटिल प्राविधिक कार्य उपभोक्ताबाट:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको छ । पालिकाले निम्नानुसारका २३ योजना सञ्चालन गरेकोमा उक्त कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ । नियमावलीको व्यवस्था अनुरुप वास्तविक रुपमा लागत सहभागिता जुट्ने र उपभोक्ताले आफ्नै सिप र क्षमतामा सम्पदान गर्न सक्ने कार्य मात्र लाभग्राही समुदाय मार्फत कार्य गराउनुपर्दछ । यसका केही उदाहरण निम्न छन्: <table><tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th></tr><tr><td>१</td><td>अर्चले लिफ्ट खानेपानी आयोजना</td><td>२०८१२८८</td></tr><tr><td>२</td><td>केम खाम्चा स्मृति मार्ग स्तर उन्नति उ स</td><td>१९९३२३</td></tr><tr><td>३</td><td>रोल्लाबास लिफ्टिङ खानेपानी उ.स</td><td>१९७८८१४</td></tr><tr><td>४</td><td>गल्दोदी बस्यानी लिफ्टिङ्ग खा.पा.योजना.उ.स</td><td>१८३९९४७</td></tr><tr><td>५</td><td>हुवास दार्सिङवास मो.बा. उ.स.</td><td>१६५९१४२</td></tr><tr><td>६</td><td>पोखरीछाप मदनपुर मो.बा.उ.स.</td><td>१६५२६६७</td></tr></table>	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			७	बेलडाँडा लिफ्टिङ्ग खा.पा योजना निस्दी-५	१५०४८०९	
			८	ढोवला लि. खानेपानी योजना	१४४६६९२	
			९	भलुवा खलबारी मोटर बाटो निर्माण उ.स	१२८५०३५	
			१०	दमार कृषि सडक निर्माण	१२८४६१२	
			११	भोर्मा लिफ्टिङ खानेपानि उ.स.	१२३५०५३	
			१२	मोहरीझा शार्कीडाँडा मोटरबाटो निर्माण उ.स.	११९२१०४	
			१३	सडक मर्मत उ.स.	११६६०८४	
			१४	मोहरिया लिफ्टिङ खा.पा. योजना उ.स.	१०९८२५८	
			१५	सनिस्वरा घ्याङसरी गल्धाफाँट मोटर बाटो निर्माण उ.स	१०७७६५७	
			१६	ढुङ्गानाबेशी बेलौजी पटकसार मोटरबाटो स्तरोन्नती	९५५२२१	
			१७	सिद्धभञ्ज्याङ छपाक्दी मोटरबाटो स्तरउन्नती	९५३०१७	
			१८	बेलौजी खेल मैदान निर्माण	९३१९५१	
			१९	हिमचुलि महिला भवन गल्धा योजना	९०४६०२	
			२०	पोखरीथोक खानेपानि निर्माण योजना	८५०८३८	
			२१	द्वार्घा लिफ्टिङ्ग खा.पा.	८४६०३२	
			२२	बेलडाँडा गल्धाँफाट कठैडाँडा कोटथर मो.बा. उ स	८४३६७६	
			२३	अरमलाङ खानेपानि निर्माण योजना	८४१२१९	
३४			**आन्तरिक आय**			
३४.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ को उपदफा २ (क) मा गाउँपालिकाले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था छ । निस्दी गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका ७ वडाबाट बर्षभरी के कति राजस्व उठेको छ यकिन गरी आम्दानी बाध्नु पर्नेमा बडा १ देखी ७ सम्म कति कति नम्बरको कति			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वटा नगदी रसिदको ठेली पठाएको थियो सोबाट के कति राजश्व उठ्यो, सोको अर्धकट्टी र कति ठेली बाँकी रह्यो सोको अभिलेख राखेको देखिएन । वडाहरुले दिएको नगद आम्दानीलाई नै आधिकारिक मानी सोही अनुसार राजस्व आम्दानी बाँधेको पाइयो । गाउँपालिकाले उपलब्ध गराएको नगदी रसिद नियन्त्रण अभिलेख अनुसार राजस्व उठेको रसिद नम्बर र अभिलेख अनुसार वडाहरुमा लगेको रसिद नम्बर नमिलेको, फिर्ता भएको अर्धकट्टी र बाँकी ठेलीको अभिलेख नराखेको हुदाँ बडाहरुबाट प्राप्त आम्दानी यति नै हो भनि यकिन गर्न सकिएन । पालिकाले के कति राजश्व उठ्नु पर्ने थियो र कति उठ्यो सोको अभिलेख समेत नराख्ने हुदाँ राजश्व उठाउन उदासिन देखियो । यसर्थ नयाँ नयाँ राजस्वका स्रोतको पहिचान गरी राजस्व अभिबृद्धि गर्ने र भौतिक पूर्वाधारको विकास गर्दै आत्मनिर्भरतामा ध्यान पुर्याउनु पर्ने देखिन्छ ।	

.नं.	प्राप्तिकोश्रोत	वार्षिकअनुमानित आय	आम्दानी	आम्दानी प्रतिशत
1	११३१४ -भुमिकर/मालपोत	२००००००००	५८१३९८०.५९	29.07%
2	११३२१ -घरवहाल कर	१२०००००	११५६२७९.५१	96.36%
3	११३२२ -वहाल विटौरी कर	१००००००	0	0.00%
4	११४५१ -सवारी साधन कर (साना सवारी)	३०००००	0	0.00%
5	११४५२ -पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१५०००००	0	0.00%
6	११६९१ -अन्य कर	४०००००	१५४७२१.८६	38.68%
7	१४२१९ -अन्य सेवा शुल्क तथा बिक्री	५०००००	९५५१६.५१	19.10%
8	१४२४२ -नक्सापास दस्तुर	३५००००००	३००३४००.७१	8.58%
9	१४२४३ -सिफारिश दस्तुर	६००००००	४५३५१८९	75.59%
10	१४२४४ -व्यक्तिगत घटना दर्ता दस्तुर	३००००००	६६०७२२	22.02%
11	१४२६३ -जलस्रोत सम्बन्धी अन्य दस्तुर	२००००००००	४३००	0.02%
12	१४२६५ -अन्य क्षेत्रको आय	४०००००	४४०५६२	110.14%
13	१४३१२ -प्रशासनिक दण्ड जरिवाना र जफत	१५००००	४०१२७८.३९	267.52%
14	१४५२९ -अन्य राजस्व	२००००००००	११५२७०३२.१८	57.64%
15				29.30%

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>१४६११ -व्यवसाय कर</td><td>४००००००</td><td>११७२०२८</td><td></td></tr>
<tr><td>16</td><td>१५१११ -बेरूजू</td><td>५००००</td><td>७३७२४४.१</td><td>1474.49%</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११३५००००००</td><td>२९७०२२५५</td><td>26.17%</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४.२</td><td></td><td></td><td>ओम बहादुर मस्राङ्गी (पशुसेवा प्राविधिक) द्वारा आम्दानी रसिद नं १७५१-१८०० सम्म एक ठेली लगेकोमा १७५१-१७७१ सम्म रसिद प्रयोग गरी रु ८०५० राजस्व उठाएको देखिन्छ तर पालिकामा रु ४१०० को मात्र बैंक भौचर राखि गोश्वारा भौचर उठाइ आम्दानी बाधेको देखिएकोले बाँकी राजस्व असुल हुनुपर्ने रु.</td><td>३,९५०</td></tr>
<tr><td>३४.३</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>आर्थिक सहायता:
स्थानिय संचालन ऐन, २०७४ मा स्थानिय तहको रकमबाट आर्थिक सहायता, चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको छैन । पालिकाले कार्यपालिकाको निर्णयअनुसार भुक्तानी गरिएको नियसम्मत नदेखिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>सिकाई केन्द्रको नाम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>प्रेस चौतारी नेपाल</td><td>१००००</td></tr>
<tr><td>२</td><td>राष्ट्रिय स्वास्थ्य कर्मि संघ पाल्पा</td><td>३००००</td></tr>
<tr><td>३</td><td>नेपाल राष्ट्रिय शिक्षक संगठन</td><td>२२०००</td></tr>
<tr><td>४</td><td>अखिल नेपाल महिला संघ</td><td>२५०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८७०००</td></tr>
</table>
</td><td>८७,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>ग्रामीण विद्युतिकरण:
पालिकाले बाकामलाङ्ग-सहलकोट विद्युत प्रसारण योजनामार्फत ग्रामिण विद्युतिकरणका लागि आर्थिक वर्ष २०७६/७७ मा रु.३५११२४० र आर्थिक वर्ष २०७७/७८ मा रु.३ करोड गरी जम्मा रु.३३५११२४० विद्युत प्राधिकरण पाल्पालाई पेश्की स्वरुप उपलब्ध गराएको छ । तीन आर्थिक वर्ष व्यतित भई चौथो बर्षमा पनि उक्त योजनामा भएको लगानीबाट उपलब्धी प्राप्त भनएको गाउँपालिकाले जनाएको छ । आधारभूत सेवाको रुपमा रहेको विद्युत सेवा प्रवाहमा देखिएको सुस्त प्रगति सम्बन्धमा गाउँपालिका र विद्युत प्राधिकरणले समन्वय गरी समयमै कार्य सम्पन्न गराउनेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>मुअकर दाखिला:
पालिकाले विभिन्न शिर्षकमा दायित्व कट्टी गरेका रकम सम्बन्धित शिषर्कमा दाखिला गर्नु पर्नेमा आय ठेक्कातर्फ भ्याटसहित आम्दानी बाँधेको रु ९५७२४० मध्ये मुअकर रु ५०६६५ सम्बन्धित शिर्षकमा दाखिला हुन बाँकी देखिएको छ । उक्त मुअकर दाखिला प्रमाण पेश हुनुपर्ने रु.</td><td>५०,६६५</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>जटिल प्राविधिक कार्य:
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख भएको र सोही नियमको उप नियम ९ (क) मा उल्लिखित विपरित हेभी मेशिन प्रयोग गरेको छ । कार्यालयले देहाय अनुसार उपभोक्ता समितिसँग सम्झौता गरी काम गराएकोमा निर्माण व्यवसायी मार्फत लागत अनुमानको बराबर हुने गरी मेशिनरी प्रयोग गरेको विल भरपाई समावेश गरेको छ । लागत सहभागिता, श्रम जुट्ने कार्य तथा लाभग्राही समुदाय आफैले सम्पादन गर्न सक्ने क्षेत्रमा मात्रै उपभोक्ता समितिमार्फत कार्य गराउन पालिकाले ध्यान दिनु पर्दछ । उपभोक्ता समितिमार्फत जटिल प्राविधिक कार्य समावेश भएका योजनाका केही उदाहणहरु निम्न छन:
<table>
<tr><th>क्र.सं.</th><th>उ.सको नाम</th><th>लागत अनुमान</th><th>हेभि उपकरणमा भएको खर्च</th><th>कार्यालयबाट भुक्तानी रु.</th></tr>
<tr><td>१</td><td>सिद्धभञ्ज्याङ छपाक्दी मोटरबाटो निर्माण</td><td>१११२७८३</td><td>८४८५२९</td><td>९६६६६७</td></tr>
<tr><td>२</td><td>ढुङ्गानाबेसी बेलझजी पटक्सार मो बा</td><td>१११४१६२</td><td>८६३७०२</td><td>९६९०२०</td></tr>
<tr><td>३</td><td>रिसिपिरीङ चारघरे पच्चीसटार मो.बा.</td><td>१११९४६४</td><td>६९७७१९</td><td>८३०९२१</td></tr>
<tr><td>४</td><td>ज्यामिरे रिङ्गनेरह मो बा</td><td>१८०००००</td><td>८५६३५६</td><td>६५८५६४</td></tr>
<tr><td>५</td><td>पोखरीछाप मदनपुर मो.बा.</td><td>२००२००६</td><td>१८७४६०३</td><td>१६७७६०३</td></tr>
<tr><td>६</td><td>हुवास दार्सिङ्गवास मो बा</td><td>२००१३६१</td><td>१८८२५१३</td><td>१६८४१६२</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				७	सिलुवा अर्चले मो बा	२०१०७२४	६६३९८३	१२७०४५१		
				८	बाँहुनडाँडा फिरफिरे मो बा	१५००५०६	७१४४४०	८२९९६०		
				९	सानिस्वारा घ्याङ्सरी गल्धाफाँट मो.बा.	१५००२३७	१३०६०४०	१३०११२५		
				१०	केरवानी गल्धाफाँट मो बा	७००७९	६२४१०१	५५६७०७		
				११	पोखरादर लामेदमार मो बा निर्माण	८०४१३१	७७६५९२	६९६०००		
				१२	केम खाम्चा स्मृती मार्ग स्तर उन्नती	२५०१९२६	२२७६५१०	२०२९५८९		
				१३	मोहरीया सार्कीडाँडा मो बा	१५०२२७४	१३९१०४२	१२१०६१५		
				१४	दमार कृषि सडक	१५०३४१३	१४५५४०१	१३०३९७७		
				१५	डावरा रेवेखोला मो.बा.	९०१५०८	८७२५९४	७८३०००		
				१६	गिरबास मोटरबाटो निर्माण उ.स.	८०१४२८	७७६७७४	६९६०००		
				१७	भलुवा खलबारी मोटर बाटो निर्माण उ.स.	९०२७९७	८८०४२७	७८३०००		
				१८	अर्चले मोटर बाटो मर्मत योजना उ.स.	७७२८००	७३२९०७	६५९०५४		
				१९	सडक मर्मत उ.स.	१४७०४६२	१२३९४८७	११९८००१		
				२०	मोहरीया शार्किडाँडा मो.बा.उ.स.	१५०२२७४	१३९१०४२	१२१०६१५		
				२१	ज्यामिरे वडा स्तरिय मो.बा. मर्मत उ.स.	८११७४४	६८१२७०	६१२६३६		
				२२	भलुवा खलबारी मोटर बाटो निर्माण उ.स.	६०१८१६	५७९६८१	५२१५००		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>नियम विपरित करार:
स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानिय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको बिश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामो र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दीको सृजना गर्न नसकिने व्यवस्था गरेको छ । सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, पलम्बर, ईलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उल्लेखित पद बाहेकको सामाजिक परीचालिका पदमा ७ जनालाई करार सम्झौता गरी बर्षभरीमा रु. १६१७००० पारिश्रमिक खर्च लेखेको छ । यसरी नियम विपरित करार सम्झौता गरी पारिश्रमिक भुक्तानी दिएको अनियमित रु.</td><td>१,६१७,०००</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सामुदायिक सिकाई केन्द्र संचालन:
कार्यालयले सामुदायिक सिकाई केन्द्रका लागि प्रति केन्द्र रु २००००० संचालन खर्च दिएको छ । अनुदानको स्वरुपमा सञ्चालन खर्च भुक्तानी दिएकोमा सम्बन्धित केन्द्रबाट तोकिए बमोजिमको क्षेत्र र शर्त बमोजिम कार्य भएको यकिन हुने गरी प्रगति प्राप्त गरेको वा प्राप्त प्रगतिमा उल्लेख भए बमोजिम उपलब्धिको विश्लेषण गर्ने गरेको छैन । केन्द्रहरुलाई अनुदान उपलब्ध गराए पश्चात प्रगति एंव उपलब्धिको विश्लेषण गर्नुका साथै तोकिएको शर्त बमोजिम खर्च भएको यकिन हुने प्रमाण कागजात पेश गर्नु पर्ने रु.
<table>
<tr><th>क्र. सं.</th><th>सिकाई केन्द्रको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>अर्चले सामुदायिक सिकाई केन्द्र</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>मित्याल सामुदायिक सिकाई केन्द्र</td><td>१९२०००</td></tr>
<tr><td>३</td><td>सहलकोट सिकाई केन्द्र</td><td>२०००००</td></tr>
<tr><td>४</td><td>बेस सामुदायिक सिकाई केन्द्र</td><td>२०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७९२०००</td></tr>
</table></td><td>७९२,०००</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>कक्षाकोठा निर्माण:
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्चसँग सम्बन्धित बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले ४ कोठे भवन निर्माणका लागि प्राप्त सशर्त अनुदानको रकम निम्न विद्यालयमा पठाएको छ । निकासा दिएको रकम तोकिए बमोजिमको कार्यमा खर्च भएको पुष्ट्याई हुने कार्यसम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षण गरेको प्रमाण पेश हुनु पर्ने रु.
<table>
<tr><th>क्र. सं.</th><th>गोश्वारा भौ.नं.-मिति</th><th>सिकाई केन्द्रको नाम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>८-२०७९/३/२२</td><td>गौरीशंकर मा.वि. निस्दी-४</td><td>३५१५०००</td></tr>
</table></td><td>३,५१५,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**एम्बुलेन्स खरिद अनुदान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम लाभग्राही समूदायसँग लागत सहभागितामा आधारित भई योजना कार्यान्वियन गर्नु पर्ने तथा गैरसरकारी संस्था वा अन्य संस्थासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा प्रस्ताव माग पश्चात लागत सहभागिता सुनिश्चित हुने व्यवस्था गर्नुपर्दछ । पालिकाले निम्न विवरण अनुसार सहकारी र समितिलाई अनुदान उपलब्ध गराउँदा लागत साझेदारीको रकम समेत अनुदान दिएको छ । अनुदान प्राप्त गर्ने समिति र सहकारीले अन्य संस्थासँग लागत साझेदारीमा खरिद गर्ने गरी सम्झौता गर्ने गरेको र ति संस्थाले लागत सहभागिताका लागि पालिकाको अनुदानसमेत प्रयोग गरेका छन ।	

क्र. स.	अनुदान प्राप्त गर्ने	अनुदान विवरण	अनुदान रकम
१	जलदेवी सामाजिक उद्यमी महिला सहकारी संस्था लि.	हेफर प्रोजेक्ट नेपालसँग ५० प्रतिशत लागत साझेदारी गर्ने गरी सहकारीले सम्झौता गरेकोमा गाउँपालिकाले अनुदान दिएको ।	५०००००
२	काउलेडाँडा स्मार्ट बाख्रापालन समिति	भेटनरी अस्पताल तथा पशु सेवा विकास कार्यालय पाल्पासँग ७०/३० को साझेदारी गर्ने गरी सम्झौता मध्येको अनुदान	१०१२५००
जम्मा			**१५१२५००**

पालिकाले हेफर प्रोजेक्ट नेपाल लगायत अन्य समिति र सहकारी संस्थासँग समेत सहकार्य गरिरहेको सन्दर्भमा एकै संस्था वा समितिमा केन्द्रित हुँदा लाभ प्राप्त गर्ने लाभग्राही दोहोरिएका छन । सहकारी र समितिले गैसस तथा पशु सेवा कार्यालयसँग प्रतिवद्धता जनाएको लागत सहभागिता रकम पालिकाले व्यहोर्ने अवस्थामा सुधार गर्नुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>दाखिला पेश नभएको:
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले स्टान्डर्ड कम्प्यूटर इन्टरनेशनल प्रा.लि.(ठेक्का नं.१७-२०७८/७९) बाट मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम शिर्षकबाट कम्प्यूटर र सोलार सेट खरिद वापत रु. १४२५३४८ खर्च लेखी भुक्तानी दिएको छ । विभिन्न विद्यालयहरुको लागि खरिद भएको कम्प्यूटर र सोलार सेट पालिकामा जिन्सी दाखिला भएको छ । विद्यालयमा कम्प्यूटर तथा सोलार जडान भएको साथै विद्यालयमा जिन्सी दाखिला भएको प्रमाण पेश गर्नु पर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>सामानको नाम र स्पेशिफिकेसन</th><th>परिमाण</th></tr>
<tr><td>१</td><td>३८८८ भोस्ट्रो डेस्कटप कम्प्यूटर</td><td>११ थान</td></tr>
<tr><td>२</td><td>फोटोकपी मेसिन</td><td>१० थान</td></tr>
<tr><td>३</td><td>सोलार ब्याट्री</td><td>४ थान</td></tr>
<tr><td>४</td><td>सोलार प्यानल</td><td>२ थान</td></tr>
<tr><td>५</td><td>इन्भटर</td><td>२ थान</td></tr>
</table></td><td>१,४२५,३४८</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>जिन्सी आम्दानी बाध्नु पर्ने:
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली २०७७ अनुसार कुनैपनि निकायले सामान खरिद गरेपछि जिन्सी दाखिला गर्नुपर्छ । यस पालिकाले निम्न सामूदायिक सिकाई केन्द्रलाई सामान खरिद गर्न रकम निकासा दिई सामाग्री खरिद गरिएता पनि संस्थाहरुले जिन्सी सामान दाखिला अद्यावधिक गरेको नदेखिएकाले संस्थाको जिन्सी खातामा जिन्सी सामान अद्यावधिक गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>संस्थाको नाम</th><th>सामानको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सलहकोट सामूदायिक सिकाई केन्द्र</td><td>स्टील दराज, कुर्ची २ थान</td><td>१०००००</td></tr>
<tr><td>२</td><td>मित्याल सामूदायिक सिकाई केन्द्र</td><td>ल्यापटप १ थान</td><td>८६९९९</td></tr>
<tr><td>३</td><td>बाका उखु पकेट संस्था</td><td>उखु पेल्ने मेशिन १ थान</td><td>१९५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३८१९९९</td></tr>
</table></td><td>३८१,९९९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**औषधी व्यवस्थापन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस पालिकाले उक्त प्रक्रियावेगर सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छनः • खरिद गरेका उक्त औषधीको उत्पादन कम्पनी र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको छैन । • आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टीफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको छैन् । • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । • औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन । • औषधीको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।	
४६			**फरक शिर्षकमा खर्च:** खर्चको लेखांकन र प्रतिवेदन गर्दा एकीकृत आर्थिक तथा वर्गीकरण र ब्याख्या २०७४ (दोस्रो संस्करण) बमोजिम गर्नु पर्ने र संशोधित कार्यक्रमलाई सम्बन्धित बजेट शिर्षकमा रकमान्तर गरी खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले अन्तर्गत चालु खर्च संकेत तथा वर्गीकरण ब्याख्याको शिर्षक २११११ मा कर्मचारीको पारिश्रमिक मात्र खर्च पाउने उल्लेख छ । पालिकाले तलब भत्ता शिर्षकबाट कार्यालय सम्बन्धि सामाग्री खरिद गरी रु. ४४९९५५ भुक्तानी गरेको छ । यसरी तलब भत्ताको रकम कार्यालय सम्बन्धि खर्च गर्नु नियमसम्मत नदेखिएको रु.	४४९,९५५
४७			**हेफर नेपालसँग साझेदारी:** पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना सञ्चालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न विशेषत बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम सञ्चालन गर्न यस पालिकाले मिति २०७९ असार १८ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७७ चैत्र १७ मा रु २ करोड ९७ लाख २२ हजार ८ सय २१ बराबरको सम्झौतामा पालिकाले ७५ प्रतिशतले हुन आउने रु ३ करोड ४५ लाख व्यहोर्ने गरी सम्झौता गरेको छ । पालिकाले निस्दी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत यस कार्यक्रममा हालसम्म रु १९८१७५६० भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :	४,९३९,३३९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था रहेकोमा पालिकाले हेफर प्रोजेक्ट नेपाललाई सिधै पेश्की दिने गरी सम्झौता गरी भुक्तानी दिएको नियमसम्मत रहेको छैन ।	

क्र. सं.	विवरण	रकम
१	हेफर प्रोजेक्ट नेपालले पेश गरेको प्रगति प्रतिवेदन अनुसार यस आवमा निकासा भएको रकम रु. २००७३५८६ उल्लेख भएकोमा पालिकाले लेखापरीक्षण टोलीलाई उपलब्ध गराएको विवरणअनुसार रु. १७७४०३६३ निकासा भएको विवरण पेश भएबाट रु २३३३२२३ बराबरको विवरण फरक देखिएको छ ।	२३३३२२३
२	हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको आधारमा भुक्तानी हुने गरेको छ । पालिकावाट यस आवमा भुक्तानी भएको रु २००७३५८६ मध्ये रु १७७६५३६४ मात्र खर्च भएको विवरण पेश भएबाट रु २३०८२२२ खर्च नभई बाँकी रहेको विवरण पेश हुनुपर्ने देखिएको छ । कार्यक्रममा लागत साझेदारी गर्नुपर्ने संस्थाको तलव तथा सुविधा र कार्यालय खर्च पालिकाले व्यहोर्ने कार्यबाट पालिकालाई अतिरिक्त व्यभार गरेको छ ।	२३०८२२२
३	परियोजना अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु २००७३५८६ र गत आर्थिक वर्षको मौज्दात रु ८३३५३१.२७ समेत रु २०९०७११७.२७ परिचालन गर्न निकासा दिएकोमा वर्षान्तसम्म रु २२४८६७.८४ बैक मौज्दात देखिएको छ । मौज्दात रकम वर्षान्तमा पालिकामा फिर्ता गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा सो नगरेको अनियमित देखिएको छ ।	२२४८६७.

क्रम	भौचर नम्बर	भौचर मिति	विषय			बेरुजु रकम
					८४	
			४	हेफर प्रोजेक्ट नेपाले गाउँपालिकामा पेश गरेको वार्षिक प्रगति प्रतिवेदन अनुसार रु. ७३०२६.२५ दायित्व भुक्तानी गर्न बाँकी देखिएकोले दायित्व भुक्तान गरेको प्रमाण पेश गर्नुपर्दछ ।	७३०२६.२५	
			जम्मा		**४९३९३३९**	
			• लेखापरीक्षण सम्झौता अनुसार कुल कार्यसम्पन्नको २५ प्रतिशत सम्बन्धित परामर्शदाताले र ७५ प्रतिशत पालिकाले भुक्तानी गर्ने गरी सम्झौता भएकोमा स्थानीय साझेदार संस्थाले पेश गरेका कागजात नेपाल सरकारको लेखाप्रणाली र खर्च संकेतसँग फरक हुने गरी लेखांकन हुने गरेको छ । सार्वजनिक खर्चको अभिलेख र प्रतिवेदनमा एकरुपता हुने व्यवस्था गर्नुपर्दछ । • पालिका र हेफर नेपाल बीच भएको सम्झौतापश्चात स्थानीय साझेदार संस्थासँग हेफर नेपालले छुट्टै सम्झौता गरी कार्य गराउने गरी सम्झौता भएको छ । सम्झौताबमोजिम सम्बन्धित संस्थाले नै कार्यसञ्चालन गर्नुपर्नेमा अर्को संस्थामार्फत सम्पूर्ण कार्य गराउँदा एकै कामको लागि थप अर्को संस्था समावेश भएको र सम्झौता भएको पक्षभन्दा अर्को पक्षसँग आर्थिक कारोवार भएको छ । सम्झौताका पक्षबीच कारोबार र कार्यक्रम सम्बन्धमा स्पष्ट जिम्मेवारी र जवाफदेहीता हुने गरी कार्यसम्पादन भए नभएको सम्बन्धमा विश्वस्त हुने आधार छैन । • संचालित कार्यक्रमको पालिकावाट मासिक/त्रैमासिक/ अर्धवाषिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको अभिलेखबाट देखिदैन । साथै, सम्झौता भएको संस्थाले आर्थिक वर्षभर र हालसम्मको कार्यप्रगति सम्बन्धमा पेश गरेको			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रतिवेदनबमोजमि कार्य भए नभएको सम्बन्धमा समेत पालिकाले अनुगमन मूल्यांकन गरेको छैन । संस्थाले पेश गरेको विवरण वा प्रगतिलाई नै यथार्थ खर्च र कार्यक्रमको प्रगतिका रुपमा स्वीकार गर्ने कार्यले लक्षित कार्यक्रमले तोकिएबमोजिम उद्देश्य हासिल गरे नगरेको सम्बन्धमा लेखापरीक्षणबाट आवश्व हुने आधार देखिएन ।	
४८			**सामाजिक सुरक्षातर्फः**	
४८.१			**सम्झौताको पालना:** सामाजिक सुरक्षा वितरण कार्यक्रम अन्तर्गत गाउँपालिकाले अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरणमा प्रयोग गरेको तथ्यांक र डिजिटल भिलेज प्रोफाइल तयार गर्नका लागि सफ्टवेयर हव नेपाल प्रा.लि., कुपन्डोलसँग रु. १९४६१९९ मा सम्झौता गरी प्राप्त भएको प्रारम्भिक तथ्याङ्कमा फरक परेको देखिएको छ । सम्झौता बमोजिम कार्यसम्पन्न' उपलब्धी प्राप्त नभएको गाउँपालिकाले नियमित रुपमा सम्पादन गर्नु पर्ने कार्य समेत परामर्श सेवा लिई खर्च गरेको र गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता भुक्तानीमा प्रयोग गरेको तथ्यांकसँग मेल खाएको नदेखिएकोले संकलित अद्यावधिक तथ्यांकको आधारमा सामाजिक सुरक्षाभत्ताको लाभग्राही संख्या यकिन गर्नु पर्ने व्यहोरा मस्यौदा प्रतिवेदनमा औंल्याईएकोमा हाल गाउँपालिकाले तथ्यांक प्रयोग गर्ने गरी डाटा एक्सेस प्राप्त गरेको जनाएको छ । कार्यसम्पन्न नहुँदै सम्पूर्ण भुक्तानी दिने कार्यमा सुधार गरी अध्यवधिक तथ्यांकलाई उपयोग गरी पालिकाको काम कारवाहीलाई व्यवस्थित गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८.२			**सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:** **(क) लगत कट्टाको अभिलेख:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८/७९ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत भत्ता भुक्तानी हुन जान्छ । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ । **(ख) पारदर्शिता:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ । **(ग) नवीकरण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीको नविकरण गर्नु तर्फ पालिकाले ध्यान दिनु पर्दछ । **(घ) सार्वजनिक सुनुवाई:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन । **(ङ) अनुगमन तथा निरीक्षण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ । **(च) निस्कृय खाता:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्य निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			अनुगमन लेखापरीक्षण: गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ती नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस पालिकाको आर्थिक वर्ष २०७७।७८ सम्म रु. १० करोड ९७ लाख ९९ हजार बेरुजु बाँकी रहेकोमा लेखापरीक्षणको क्रममा कार्यालयले नियमित, असुली तथा पेश्की फर्छ्यौट गरेको प्रमाण समेतको आधारमा सम्परीक्षणको लागि अनुरोध गरेको देहायअनुसारका बेरुजू सम्परीक्षण गरिएको छ । बाँकी बेरुजु फस्र्यौट गर्न पालिका थप क्रियाशिल बन्नु पर्दछ ।	

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त ब्यहोरा	फछ्यौंटको आधार (रु.हजारमा)				संपरिक्षण
				असुली	प्रमाण	नियमित	पेश्की फछ्यौंट	
१	२०७७/७८	१०.६	बैंक हिसाव मिलान नगरेको	०	३९०००	०	०	३९०००
२		१३	इन्टरनेटको विल पेश नगरेको	०	१२०००	०	०	१२०००
३		२१	कार्यसम्पन्न विवरण पेश नभएको	०	९८०४५८७	०	०	९८०४५८७
४		२२.१	भरपाई छुट भएको	०	३९१००	०	०	३९१००
५		२२.२	बढी भुक्तानी बैंक दाखिला	२५५०	०	०	०	२५५०
६		१८	एकराज अर्यालको पेश्की फस्र्यौट	०	०	०	१७२८००	१७२८००
७		१९	सेनेटरी प्याडमा बढी भुक्तानी	०	१७६४७०	०	०	१७६४७०
८	२०७६/७७	५१	धरौटी विविध कोषमा राखेको	०	११८५४५१९	०	०	११८५४५१९
जम्मा				**२५५०**	**२१९२५६७६**	**०**	**१७२८००**	**२२१०१०२६**

https://nams.oag.gov.np